# गैर अभिभावक हेरचाहकर्ताहरूको लागि सहायता

बालबालिकाहरूलाई निरन्तर हेरचाह प्रदान गरिरहने सबै गैर अभिभावक हेरचाहकर्ताहरूलाई हामी मद्दत गर्न सक्छौं। यसमा निम्न हेरचाहकर्ताहरू समावेश छन्:

- हजुरबुबा- हजुरआमा हेरचाहकर्ताहरू
- पालनपोषणकर्ताहरू
- नातेदार हेरचाहकर्ताहरू
- अन्य अनौपचारिक हेरचाहकर्ताहरू।

एउटै घरमा बसेर बालबालिकाको हेरचाह गर्ने र अभिभावकको रूपमा बस्ने गैर अभिभावक हेरचाहकर्ताहरू सामान्यतया भुक्तानीका लागि योग्य हुँदैनन्। यदि तपाईं यस अवस्थामा हुनुहुन्छ भने, उपलब्ध सेवाहरू छलफल गर्न तपाईंले हामीलाई कल गर्न सक्नुहुन्छ।

## Grandparent, Foster and Kinship Carer Advisers

बालबालिकाहरूको निरन्तर हेरचाह प्रदान गर्ने सबै औपचारिक र अनौपचारिक हेरचाहकर्ताहरूलाई मद्दत गर्न Grandparent, Foster and Kinship Carer Advisers छन्। उनीहरूले तपाईंलाई निम्न कुराहरुमा मद्दत गर्न सक्छन्:

- हाम्रा विशेषज्ञ कर्मचारीहरू जस्तै सामाजिक कार्यकर्ताहरूसँग भेटघाटको व्यवस्था मिलाउने
- अन्य सरकारी र सामुदायिक संस्था र सेवाहरूको लागि सिफारिस गर्ने
- Centrelink, Medicare र Child Support को जानकारी र भुक्तानीहरूको लागि सहयोग गर्ने।

तपाईंले हाल हामीबाट सेवाहरू वा भुक्तानीहरू लिएको नभएता पनि उनीहरूले तपाईंलाई मद्दत गर्छन्।

तपाईं Grandparent, Foster and Kinship Carer Adviser Line लाई **1800 245 965** मा सम्पर्क गर्न सक्नुहुन्छ वा **servicesaustralia.gov.au/grandparentfosterkinship** मा हेर्न सक्नुहुन्छ

यदि तपाईलाई दोभाषे चाहिन्छ भने हामीलाई थाहा दिनुहोस्, हामी निःशुल्क व्यवस्था गर्नेछौं।

## मद्दत उपलब्ध छ

यदि तपाईं तपाईंले हेरचाह गर्ने बालबालिकाको अभिभावक हुनुहुन्न भने मद्दत उपलब्ध छ।

### Centrelink

#### Child Care Subsidy

Child Care Subsidy ले अनुमोदित बाल हेरचाहको लागतमा मद्दत गर्दछ। यदि तपाईं निम्न अवस्थाको भएमा योग्य हुन सक्नुहुन्छ:

- एउटा बच्चालाई प्रति पन्ध्र दिनमा कम्तिमा २ रात हेरचाह गर्नुहुन्छ,
- बाल हेरचाह शुल्क तिर्ने तपाईंको जिम्मेवारी भएमा

#### Additional Child Care Subsidy

Additional Child Care Subsidy ले केही परिवारहरूलाई अनुमोदित बाल हेरचाहको लागतमा अतिरिक्त मद्दत दिन्छ। यदि तपाइँ निम्न मध्ये कुनै पनि हुनुहुन्छ भने तपाइँ यसलाई प्राप्त गर्न सक्नुहुन्छ:

- आय समर्थन भुक्तानी प्राप्त गरिरहनु भएका योग्य हजुरबा हजुरआमा वा हजुरबा हजुरआमाका बा आमा

- निश्चित आय समर्थन भुक्तानीबाट काममा परिवर्तन हुँदै हुनुहुन्छ भने
- अस्थायी आर्थिक कठिनाइमा

यदि तपाइँ कमजोर, दुर्व्यवहार वा बेवास्ताको जोखिममा रहेको बच्चाको हेरचाह गर्दै हुनुहुन्छ भने पनि तपाइँ यो मद्दत प्राप्त गर्न सक्नुहुन्छ। तपाईंले आफ्नो बाल हेरचाह सेवालाई यस बारे सोध्न सक्नुहुन्छ किनभने तिनीहरूले तपाईंको तर्फबाट यसको लागि आवेदन दिन आवश्यक छ।

तपाइँको नाति-नातिनीका लागी Child Care Subsidy को लागी गतिविधि परीक्षण आवश्यकताहरु तपाईंले पुरा गर्न नपर्ने पनि हुन सक्छ। यदि तपाई वा तपाईको पार्टनरले Child Care Subsidy प्राप्त गर्नुहुन्छ तर आय समर्थन भुक्तानी प्राप्त गर्नुहुन्न भने,तपाईंले सो आवश्यकताहरु पुरा गर्न पर्दैन,

### Family Tax Benefit

Family Tax Benefit ले बालबालिकाको पालनपोषण वा हेरचाहको लागतमा मद्दत गर्दछ। यदि तपाईं आफ्नो बच्चा, नातिनातिनि, पालेको बच्चा वा धर्मपुत्र बच्चाको हेरचाहकर्ता हुनुहुन्छ भने तपाईंले यो प्राप्त गर्न सक्नुहुन्छ।

### Double Orphan Pension

Double Orphan Pension ले बालबालिकाको हेरचाहको लागतमा मद्दत गर्दछ जो:

- अनाथ छन्
- निश्चित परिस्थितिहरूमा तिनीहरूका आमाबाबुद्वारा हेरचाह गरिन असक्षम छन्।

### Assistance for Isolated Children Scheme

Assistance for Isolated Children Scheme ले विद्यालय जाने उमेरका विद्यार्थीहरूको हेरचाहकर्ताहरूलाई मद्दत गर्छ यदि तिनीहरू:

- पिछडिएको क्षेत्रमा बसोबास गरेका
- उनीहरूको अपांगता वा विशेष स्वास्थ्य आवश्यकता भएकोले दैनिक रुपमा उपयुक्त विद्यालय जान नसक्नेहरु।

### Foster Child Health Care Card

Foster Child Health Care Card एउटा सहुलिएत कार्ड हो जसले तपाईंलाई सस्तो मुल्यमा औषधि किन्न र तपाईंको हेरचाहमा रहेका बच्चाहरूको लागि केही छुटहरू प्राप्त गर्न मद्दत गर्दछ।

तपाईं योग्य हुनको लागि औपचारिक पालनपोषणकर्ता हुनु आवश्यक छैन। यदि तपाइँले हेरचाह गर्ने बच्चा तपाईंको जैविक वा धर्मपुत्र नभएता पनि तपाइँ योग्य हुन सक्नुहुन्छ।

### अन्य भुक्तानीहरू

असक्त वा स्वास्थ्य समस्या भएको बच्चाको हेरचाह गर्ने गैर अभिभावक हेरचाहकर्ताहरूलाई मद्दत गर्न अन्य भुक्तानीहरू छन्। हाम्रो Payment and Service Finder ले तपाईंलाई आफ्नो परिवारको लागि सम्भावित भुक्तानीहरू पहिचान गर्न मद्दत गर्छ। वा, तपाईंले हाम्रो Grandparent, Foster and Kinship Carer Advisers सँग तपाईं योग्य हुन सक्ने अन्य भुक्तानीहरू पत्ता लगाउनको लागि कुरा गर्न सक्नुहुन्छ।

## Medicare

तपाईंले हेरचाह गरिरहनुभएको बच्चाको लागि Medicare लाभहरू दाबी गर्न सक्नुहुन्छ। उनीहरू तपाईंको Medicare कार्डमा दर्ता भएको हुन आवश्यक छैन। उनीहरूका लागि Medicare लाभहरू दाबी गर्न, तपाईंले हामीलाई बिरामीको रूपमा सूचीबद्ध बच्चाको साथ तपाईंको नाममा इनभ्वाइस वा रसिद प्रदान गर्न आवश्यक छ। तपाईंले बच्चाको Medicare कार्ड नम्बर पनि उपलब्ध गराउनुपर्नेछ। उपचार केन्द्रमा दावा गर्दा Medicare कार्ड नम्बर थाहा नभएमा, स्वास्थ्य पेशेवरले हामीलाई सम्पर्क गरेर बच्चाको Medicare कार्ड नम्बर प्राप्त गर्न सक्छन्।

तपाईंले अस्पतालबाहिर उच्च चिकित्सा खर्च बेहोरिरहनुभएको छ भने, Medicare Safety Net ले तपाईंलाई यस्ता केही खर्चहरू बेहोर्न मदत गर्न सक्छ। तपाईंको पूर्ण-समय हेरचाहमा रहेको बच्चाको लागि Medicare Safety Net लाभहरू प्राप्त गर्न योग्य हुन, तपाईंसँग बच्चाको लागि कानूनी अधिकार हुनुपर्दछ र बच्चा तपाईंको Safety Net परिवारमा दर्ता भएको हुनुपर्छ। Pharmaceutical Benefits Scheme (PBS) Safety Net ले तपाईंको परिवारलाई केही औषधिको लागतमा पनि मद्दत गर्न सक्छ।

### Child support

यदि तपाइँ, तपाइँले हेरचाह गरेको बच्चाको अभिभावक हुनुहुन्न भने, तपाइँले बच्चाको दुबै आमाबाबुबाट child support प्राप्त गर्न सक्नुहुन्छ। तपाईंले प्राप्त गर्नुभएको कुनै पनि child support ले तपाईंले कति Family Tax Benefit (FTB) Part A पाउनु हुन्छ भन्ने कुरालाई असर गर्न सक्छ।

## थप जानकारीको लागि

- अंग्रेजीमा थप जानकारीको लागि
    - **servicesaustralia.gov.au/grandparentfosterkinship**
    - **servicesaustralia.gov.au/nonparentcarers**
- **servicesaustralia.gov.au/yourlanguage** मा हेर्नुहोस जहाँ तपाईले आफ्नो भाषामा जानकारीहरु पढ्न, सुन्न तथा हेर्न सक्नुहुनेछ
- हामीसँग तपाईंको भाषामा Centrelink भुक्तान र सेवाहरूको बारेमा कुरा गर्न **131 202** मा फोन गर्नुहोस्।
- Medicare को लागि **132 011** र Child Support को लागि **131 272** मा फोन गर्नुहोस्। यदि तपाईलाई दोभाषे चाहिन्छ भने हामीलाई थाहा दिनुहोस्, र हामी एउटा नि:शुल्क व्यवस्था गर्नेछौं
- सेवा केन्द्रमा जानुहोस्।

टिप्पणी: अष्ट्रेलियाको जुनसुकै ठाउँबाट तपाईंको घरको फोनबाट '13' नम्बरहरूमा फोन गर्दा निश्चित दरमा शुःल्क लाग्नेछ। त्यो दर एक स्थानीय फोनको मूल्य भन्दा फरक हुन सक्छ र टेलिफोन सेवा प्रदायकहरू बीच पनि भिन्न हुन सक्दछ। तपाईंको घरको फोनबाट '1800' नम्बरहरूमा कलहरू निःशुल्क छन्। सार्वजनिक र मोबाइल फोनबाट फोन गर्दा लागेको समय र एक उच्च दरमा चार्ज हुन सक्दछ।

## अस्वीकरण

यस प्रकाशनमा समावेश जानकारी भुक्तान र सेवाहरूको लागि गाईडको रूपमा मात्र हो। यदि तपाईं भुक्तानीको लागि आवेदन दिन चाहानुहुन्छ र तपाईंको विशेष परिस्थितिहरूको सन्दर्भमा आवेदन दिन चाहनुहुन्छ भने यो निर्णय गर्ने तपाईंको जिम्मेवारी हो।

# Support for non parent carers

We can help all non parent carers who provide ongoing care for children. This includes:

- grandparent carers
- foster carers
- kinship carers
- other informal carers.

Non parent carers who are caring for children and live in the same house as a parent are generally not eligible for payments. If you are in this situation you can call us to discuss the services available to you.

## Grandparent, Foster and Kinship Carer Advisers

Grandparent, Foster and Kinship Carer Advisers are here to help all formal and informal carers who provide ongoing care for children. They can help you with:

- arranging appointments with our specialist staff, such as social workers
- getting a referral to other government and community organisations and services
- accessing Centrelink, Medicare, and Child Support information and payments.

They are here to help, even if you are not currently accessing services or payments from us.

You can contact the Grandparent, Foster and Kinship Carer Adviser Line on **1800 245 965** or go to **servicesaustralia.gov.au/grandparentfosterkinship**

If you need an interpreter let us know, and we will arrange one for free.

## Help available

There is help available if you are not the parent of the child you care for.

### Centrelink

#### Child Care Subsidy

Child Care Subsidy helps with the cost of approved child care. You may be eligible if you:

- care for a child at least 2 nights per fortnight,
- are responsible for paying child care fees

#### Additional Child Care Subsidy

Additional Child Care Subsidy gives some families extra help with the cost of approved child care. You may get it if you are any of the following:

- an eligible grandparent or great grandparent getting an income support payment
- transitioning from certain income support payments to work
- in temporary financial hardship

You may also get it if you are caring for a child who is vulnerable or at risk of harm, abuse or neglect. You can ask your child care service about this as they need to apply for it on your behalf.

You may be exempt from the activity test requirements for Child Care Subsidy for your grandchild or great-grandchild. This is if you or your partner get Child Care Subsidy and do not get an income support payment,

### Family Tax Benefit

Family Tax Benefit helps with the costs of raising or caring for children. You may get it if you are the carer of your child, grandchild, foster child or adopted child.

### Double Orphan Pension

Double Orphan Pension helps with the costs of caring for children who:

- are orphans
- are unable to be cared for by their parents in certain circumstances.

### Assistance for Isolated Children Scheme

Assistance for Isolated Children Scheme helps carers of school aged students if they either:

- live in an isolated area
- can’t go to an appropriate state school daily because they have disability or special health needs.

### Foster Child Health Care Card

Foster Child Health Care Card is a concession card that helps you get cheaper medicine and some discounts for children in your care.

You don't need to be a formal foster carer to be eligible. You may be eligible if you care for a child who is not your biological or adopted child.

### Other payments

There are other payments to help non parent carers who provide care for a child with a disability or a medical condition. Our Payment and Service Finder helps you identify possible payments for your family. Or, you can speak to our Grandparent, Foster and Kinship Carer Advisers to find out if there are other payments you may be eligible for.

## Medicare

You can claim Medicare benefits for a child you are caring for. They do not need to be registered on your Medicare card. To claim Medicare benefits for them, you need to provide us with an invoice or receipt in your name with the child listed as the patient. You will also need to provide the child’s Medicare card number. Where the Medicare card number is unknown and the claim is processed at the practice, the health professional can obtain the child’s Medicare card number by contacting us.

Where you have incurred high out-of-hospital medical expenses, the Medicare Safety Net may help you cover some of these costs. To be eligible to receive Medicare Safety Net benefits for a child, who is in your full time care, you must have legal authority for the child and the child must be registered in your Safety Net family. The Pharmaceutical Benefits Scheme (PBS) Safety Net can also help your family with the cost of some medicines.

## Child support

If you care for a child and are not the parent, you may get child support from both parents. Any child support you receive can affect how much Family Tax Benefit (FTB) Part A you get.

## For more information

- for more information in English go to
  - **servicesaustralia.gov.au/grandparentfosterkinship**
  - **servicesaustralia.gov.au/nonparentcarers**
- go to **servicesaustralia.gov.au/yourlanguage** where you can read, listen to or watch information in your language
- call **131 202** to speak with us in your language about Centrelink payments and services.
- call **132 011** for Medicare and **131 272** for Child Support. Let us know if you need an interpreter, and we will arrange one for free
- visit a service centre.

Note: calls from your home phone to ‘13’ numbers from anywhere in Australia are charged at a fixed rate. That rate may vary from the price of a local call and may also vary between telephone service providers. Calls to ‘1800’ numbers from your home phone are free. Calls from public and mobile phones may be timed and charged at a higher rate.

## Disclaimer

The information contained in this publication is intended only as a guide to payments and services. It’s your responsibility to decide if you wish to apply for a payment and to make an application with regard to your particular circumstances.